का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ पुस २०८०,
बुधबार
3 January 2024,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २१, अंक ३२९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

■ राष्ट्रियसभा चुनाव

# भागबण्डाको प्रयासमा प्रचण्ड, देउवा र ओली



नेताहरुका अनुसार प्रधानमन्त्री प्रचण्ड एमालेलाई सँगै लिएर जान चाहेका छन् । नेपाली कांग्रेसका सभापति देउवा पनि प्रचण्डलाई चिढ्याउन चाहँदैनन् । तीन दल साथै जानुपर्ने प्रस्तावबारे प्रधानमन्त्री प्रचण्डले संक्रमणकालीन न्याय, प्रहरी समायोजन, निजामती विधेयकलगायत देखाउने गरेका छन् ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, १७ पुस ।

राष्ट्रिय सभाको चुनावलाई लिएर राजनीतिक दलहरू छलफलमा केन्द्रित भएका छन् । साना दलहरु सत्ता गठबन्धनसँग नजिकिएर सिट प्राप्त गर्ने प्रयासमा रहेका बेला प्रमुख तीन दलका शीर्ष नेताहरु तीन दलभित्रै दुई पक्षीय भेटमा सक्रिय भएका छन् ।

माघ ११ गते हुने राष्ट्रिय सभाको चुनावका लागि यही पुस २३ गते उम्मेदवारी मनोनयन दर्ता हुँदैछ । त्यस अगाडि नै भागवण्डा टुंगो लगाउने तयारीमा सत्ता गठबन्धनमा दोस्रो तहका नेताहरु रहेका बेला शीर्ष नेताहरु एमालेसँग समेत संवाद गर्न पुगेका छन् । मंगलबार बिहान साढे १० बजे प्रधानमन्त्री निवास बालुवाटारमा नेपाली कांग्रेसका शीर्ष नेताहरु र माओवादी केन्द्रका शीर्ष नेताहरुबीच राष्ट्रिय सभाको चुनावमा उठाउने उम्मेदवारका सम्बन्धमा छलफल थियो । उक्त छलफलमा नेपाली कँग्रेसका नेता रमेश लेखकलाई प्रदेशगत रुपमा सत्ता गठबन्धनमा रहेका दलहरुको र समग्रमा गठबन्धनको मतभार (अवस्था) समेतका आधारमा बृफिङ गर्न भनिएको थियो । सोही आधारमा कुन प्रदेशमा कुन दलले उम्मेदवार उठाउने तय गर्ने गरी मंगलबार बोलाइएको बैठक सोही रुपमा छलफलमा केन्द्रित हुन नसकेको नेताहरु बताउँछन् ।

मंगलबारको वालुवाटारको बैठकमा कुन प्रदेशमा कुन दलको अवस्था कस्तो रहेको भन्ने विषयमा छलफल भएता पनि कुन प्रदेशमा कुन दलको उम्मेदवार उठाउने भन्ने विषयमाथिको छलफलले ठोस् आकार ग्रहण गर्न सकेन । छलफलमा प्रधानमन्त्री प्रचण्डले नै एमालेका सन्दर्भमा के गर्ने हो भनी विषय प्रवेश गराएका थिए । प्रधानमन्त्रीले नै गठबन्धनमा नरहेको दलको सन्दर्भमा कुरा उठाएपछि मंगलबार कांग्रेस र माओवादीका नेताहरु पुनः छलफल गर्नेगरी उठे ।

नेताहरुका अनुसार, प्रधानमन्त्री प्रचण्ड एमालेलाई सँगै लिएर जान चान्छन् । कांग्रेस सभापति देउवा पनि प्रचण्डलाई चिढ्याउन चाहँदैनन् । तीन दल साथै जानुपर्ने कारणका पछाडि भने प्रधानमन्त्री प्रचण्डले संक्रमणकालीन न्याय, प्रहरी समायोजन, निजामति विधेयक आदिलाई देखाउने गरेका छन् । यस्तो अवस्थामा तीन ठूला दलबीच राष्ट्रिय सभामा साझा उम्मेदवार उठाउने वा एकले अर्कोको उम्मेदवारविरुद्ध उम्मेदवार नउठाउने वातावरण बनाउन सकिने विकल्पसहित एमाले र माओवादी केन्द्रका दोस्रो तहका नेताहरु सक्रिय भएका हुन् ।

मंगलबार कांग्रेसका नेताहरुसँग राष्ट्रिय सभाको चुनावको सन्दर्भमा छलफलमा जुट्नु अगाडि प्रधानमन्त्री प्रचण्डले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग सोमबार एक्ला एक्लै छलफल गरेका थिए । झण्डै एक घण्टा भएको एक्लाएक्लै छलफलबाट कांग्रेस नेताहरु झस्किएका छन् । कांग्रेसका एक नेता भन्छन्, 'माओवादीले एमाले समेतको सहभागितामा राष्ट्रिय सभाको चुनावको कुरा गर्दा उसलाई समेत घाटा पर्छ । तर उही एमाले समेतको विषय उठाइरहेको छ ।'

ती नेताका अनुसार, एमालेले कांग्रेसलाई आफूलाई ७ सिट छाडेर बाँकी १३ सिट लिन प्रस्ताव नै गरेको छ । कांग्रेस र एमाले मिल्दा वर्तमान सरकार नै ढल्ने अवस्था रहन्छ भने एमाले र माओवादी मिल्दा समेत सत्ता गठबन्धन भत्किन्छ । कुनै हालतमा वर्तमान सत्ता गठबन्धन भत्याउन चाहिरहेको एमाले उपयुक्त मौका खोजिरहेको छ । यो सम्भव नहुँदा राष्ट्रिय सभामा सत्तासँग मिलेको नदेखिने रुपमा माओवादी र कांग्रेससँगै सहकार्य गर्न समेत तयार भएको बताइन्छ ।

# ज्वालालाई जोगाउन माधव सक्रिय

**शिव विक/मध्यान्ह**
काठमाडौं, १७ पुस ।





दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आफ्नो पार्टीका मन्त्रीलाई पेलेको भनी प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको ध्यानाकर्षण गरेका छन् । मंगलबार बिहान प्रधानमन्त्री निवास वालुवाटारमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालालाई लिएर गएका अध्यक्ष नेपालले उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ समेतको उपस्थितिमा आफ्नो पार्टीका मन्त्रीलाई पेलेको भनेका हुन् ।

सोमबार प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिले ललितपुरको बालकुमारीमा दुई युवकको मृत्यु हुने गरी भएको घटनाका सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री ज्वालाको भूमिकाको सम्बन्धमा छानकिन गर्न सरकारलाई निर्देशन दिएको थियो । उक्त निर्देशन अगाडि भएको छलफल उपप्रधान तथा गृहमन्त्री श्रेष्ठ सहित सुरक्षा निकायका प्रमुखले समेत मन्त्री ज्वाला प्रदर्शन स्थलमा नगएको भए घटना दुई युवकको मृत्यु हुने हदसम्म नपुग्ने बताएका थिए । गृहमन्त्री श्रेष्ठ समेतको अभिव्यक्तिलाई लिएर आक्रोशित भएका अध्यक्ष नेपालले प्रधानमन्त्री प्रचण्डलाई भेटेरै मन्त्री ज्वालालाई नपेल्न चेतावनी दिएका हुन् ।

**प्रधानमन्त्री प्रचण्डलाई भेटेरै एकीकृत समाजवादीका अध्यक्ष नेपालले मन्त्री ज्वालालाई नपेल्न चेतावनी दिएका हुन् ।**

अध्यक्ष नेपालको चेतावनीको भाषालाई मोड्न प्रधानमन्त्री प्रचण्डले केही दिनमा यो विषय मिल्ने बताए । तर, मन्त्री ज्वालाको काम गराइको रफ्तार नपुगेको भन्दै प्रधानमन्त्री प्रचण्डले प्रभावकारी काम गर्न मन्त्री ज्वालाई भनेका छन् ।

कोरिया जानका लागि लिइने भाषा परीक्षामा सहभागिताको माग गर्दै युवाहरुले प्रदर्शन गरेका थिए । कोरियाले पानी जहाज र उत्पादन क्षेत्रका लागि छुट्टाछुट्टै रुपमा कामदार मागेको थियो । पानी जहाजका लागि लिएको परीक्षामा फेल भएकालाई उत्पादन तर्फको परीक्षामा सहभागी नगराउने भनिएको थियो ।

तर, पानी जहाजतर्फ परीक्षा दिएका र फेल भएकाहरुले उत्पादनतर्फको परीक्षामा समेत सहभागिताको माग गर्दै प्रदर्शन गरेका हुन् । त्यसक्रममा मन्त्री ज्वालाले प्रदर्शनस्थल ललितपुरको बालकुमारी क्षेत्र हुँदै यात्रा गरेका थिए । त्यसक्रममा प्रदर्शनकारीसँग मन्त्री ज्वालाको धकेलाधकेलसम्म भएको थियो । मन्त्रीमाथि नै धकेलाधकेल भएपछि सुरक्षाकर्मीले ज्वालाई सुरक्षित स्थानतर्फ लगेका थिए । मन्त्री गाडी छोडेर हिडेपछि प्रदर्शनकारीले उनी चढेको गाडीमा आगो लगाइदिएका थिए ।

यही पुस १३ गते भएको यो घटनाको सम्बन्धमा मन्त्री ज्वालाको समेत भूमिका रहन पुगेको भनी गृहमन्त्री श्रेष्ठसहित सुरक्षा निकायका प्रमुखहरुले प्रश्न उठाउने र संसदीय समितिले छानबिन गर्नकै लागि निर्देशन दिएपछि सत्तारुढ दल एकीकृत समाजवादी रुष्ट भएको हो । त्यही रुष्टता लिएर माधव नेपालले प्रधानमन्त्री प्रचण्डलाई नै भेटेर ध्यानाकर्षण गरेका हुन् ।

# जलवायु परिवर्तनसम्बन्धी कानूनबारे अदालतको जिज्ञासा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ पुस ।

सर्वोच्च अदादतले जलवायु परिवर्तनसम्बन्धी कानुन बनाउन दिएको परमादेशबारे कार्यपालिकालाई स्मरण गराएको छ ।

यसअघि सर्वोच्च अदालतबाटै भएको परमादेश अनुसार कानून नबनेको भन्दै अधिवक्ता पदमबहादुर श्रेष्ठले दिएको रिट दिएका थिए । उक्त रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले सरकारको जवाफ मागेको छ । जलवायु परिर्वतनसम्बन्धी कानुन अहिलेसम्म नबनाएको विषयमा १५ दिनभित्र सरकारसँग १५ दिनभित्र लिखित जवाफ पेश गर्न भनिएको छ ।

अधिवक्ता श्रेष्ठले सर्वोच्च अदालतले २०७५ मा परमादेश दिएको भए पनि सरकारले अहिलेसम्म पनि कानुन नबनाएको भन्दै पुस ५ गते अवहेलनासम्बन्धी मुद्दा दायर गरेका थिए । तत्कालीन प्रधानन्यायाधीश ओमप्रकाश मिश्र र न्यायाधीश तेजबहादुर केसीको इजलासले १० पुस २०७५ मा जलवायु परिवर्तनलाई अनुकुलन तथा न्यूनिकरणबारे छुट्टै कानुन यथासीध्र निर्माण गरी लागू गर्न परमादेश दिएको थियो ।

वातावरण संरक्षण ऐन २०५३ लेवातावरण संरक्षणसहित जलवायु परिवर्तनसम्बन्धी केही व्यवस्था गरे पनि जलवायु परिवर्तनको अनुकूलन तथा न्यूनीकरणका लागि त्यो पर्याप्त नहुने भन्दै छुट्टै कानून निर्माण गर्नुपर्ने अदालतको आदेश थियो ।

परमादेश दिएको एक वर्ष पुग्दासम्म पनि कानून नबनाएपछि सर्वोच्चको फैसला कार्यान्वयन निर्देशनालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वातावरण मन्त्रालय, वातावरण विभाग लगायतका निकायहरूलाई पत्र पठाएर कानून नबनाएकोबारे सोधेको थियो । सरकारले भने २०७६ मा बनेका वातावरण संरक्षण ऐन र वन ऐनमा जलवायु अनुकूलनसम्बन्धी विषयहरू समेटेको भन्दै भन्दै छुट्टै कानून बनाउन आवश्यक नरहेको तर्क उतिबले गरेको थियो । नेपालमा जलवायु परिवर्तनसम्बन्धी विषयमा »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# साउदी बायोमेट्रिकका पर्दा पछाडिका त्रिमूर्ति को हुन् ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ पुस



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमा साउदी भिसा सेन्टर घेराउ शुरू भएपछि सोमबार अपराह्न एक पुरूष प्रहरीसँगै आन्दोलनकारी व्यवसायीमाझ पुगे । एकैछिन मात्र व्यवसायीका असन्तुष्टिको स्वर सुनेका ती पुरूष आफ्नो कम्पनीका सुरक्षगार्डसँगै फर्किए । मध्यान्ह दैनिकले व्यवसायीको असन्तुष्टि सम्बन्धमा प्रश्न राख्दा उनले भने, 'हामी साउदी अरेबियाको दूतावासबाहेक अरूलाई चिन्दैनौं, कसैसँग बोल्दैनौं ।'

भिसा सेन्टरले बायोमेट्रिक शुरू गरे त्यसले साउदी अरेबियाको रोजगारीमा सिण्डिकेट खडा हुने अधिकांश व्यवसायीको एउटै बुझाइ छ । तर साउदी अरेबियाको भिसा सेन्टर कसले सञ्चालन गरेको हो धेरैले अध्याँरोमा हात्ती छामेजस्तो अनुमान मात्रै लगाइरहेका छन् । २०७९ साल »» पृष्ठ २ मा

## एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनद्वारा साउदी बायोमेट्रिक प्रणालीको विरोध

**काठमाडौं/मस–** एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन, नेपालले राजधानीस्थित साउदी भिसा सेन्टरले सोमबारदेखि साउदी अरेबिया जाने नेपाली श्रमिकको भिसा प्रक्रियामा लागू गरेको बायोमेट्रिक प्रणालीको विरोध गरेको छ । संगठनका अध्यक्ष सन्त कुमार लामा र महासचिव मधुकर रिजालद्वारा मंगलबार एक प्रेस विज्ञप्ति जारी गर्दै साउदी अरबले अन्य कुनै स्रोत देशहरुमा लागू नगरिएको भीएफएस सेन्टर »» पृष्ठ २ मा

Vacancy Annoucement
We are hiring a following candidates to support our recruiting and sourcing team to place qualified candidates faster.
International Marketing : 2 (Male/Female)
Min. 3 years experience in related field.
Attractice salary for the deserving candidate.
Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph to the following address.
Prority will be given for manpower Experienced.
Please send your CV: cvsbrightfuturehrs@gmail.com
श्रम इजाजत नं. १६०२/०७९/०८०
BRIGHT FUTURE HR SOLUTION PVT.LTD.
KMC-03, Basundhara, Kathmandu, Nepal
Contact No: 01-5914632, 9803711605

The British College
BRITISH EDUCATION GROUP
Rethinking Education
PARTNER UNIVERSITIES
Leeds Beckett University | UWE Bristol | Keele University




School of Business
BBA INNOVATE for IMPACT | BHM | MBA | Weekend EMBA
School of Computing
Weekend MSc IT | BSc (Hons) Computing | BSc (Hons) Cyber Security & Digital Forensics | BSc (Hons) Computer Science (Artificial Intelligence) | MSc Advanced Computer Science
upto 50%* scholarship available
* conditions apply
ADMISSIONS OPEN
Jan/Feb 2024 Intake
Scan here for more information
We are thebritishcollege .edu.np
+977 9823576995 | +977 (1) 5970003 | Trade Tower, Thapathali, Kathmandu

# जिरीमा १२ सयभन्दा बढी ज्येष्ठ नागरिकलाई सिरक वितरण

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, १७ पुस



दोलखाको जिरी नगरपालिकामा १२ सयभन्दा बढी ज्येष्ठ नागरिकलाई न्यानो फाइवर सिरक वितरण गरिएको छ । जिरी नगरपालिकाको आयोजना तथा असल मित्र नेपाल नामक संस्था र क्लाइम्ब हायर इन्टरनेसनलको सहयोगमा जिरी नगरपालिकाभित्रका १२ सय ५४ जना ज्येष्ठ नागरिकहरुलाई न्यानो फाइवर सिरक वितरण गरिएको हो ।

जिरी नगरपालिकाका नगर प्रमुख मित्र बहादुर जिरेलको प्रमुख आतिथ्यतामा वडा नम्बर १ देखि ९ वडा भित्रका ज्येष्ठ नागरिकलाई जाडो याममा उपयोग हुने गरी न्यानो फाइबर सिरक वितरण गरिएको जिरी नगरपालिकाले जनाएको छ ।

संस्थाले अघिल्लो वर्ष नगरपालिकाको ९ वटै वडामा ज्याकेट वितरण गरेको भएपनि यो वर्ष नगरपालिकाको समन्वयमा न्यानो फाइवर सिरक वितरण गरेको असल मित्र नेपाल नामक संस्थाले जनाएको छ ।

न्यानो सिरक वितरण कार्यक्रममा जिरी नगरपालिकाका नगर प्रमुख जिरेल, उप- प्रमुख कृष्णमाया बुढाथोकी, प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटा, असल मित्र नेपालका अध्यक्ष ज्ञान बहादुर सुनुवार, क्लाइम्ब हायर इन्टरनेसनलका प्रतिनिधि इश्वर सुनुवार, जिल्ला समन्वय समितिका उप-प्रमुख दोर्जी शेर्पा, वडा अध्यक्षहरु, समाजसेवी, बुद्धिजीवी,सञ्चारकर्मी लगायतको सहभागिता रहेको थियो । ज्येष्ठ नागरिकले जाडो याममा न्यानो सिरक पाएपछि खुशी व्यक्त गरेका छन् ।

## जलवायु...

निरन्तर बहस चलिरहेको छ । जलावयु परिवर्तनका असरहरु नेपालका हिमाली र पहाडी भेगमा प्रष्टै गरि देखिन थालेको छ । तथापि, यस सम्बन्धी छुट्टै कानूनी व्यवस्था छैन् ।

यसअघि, गत कार्तिकमा नेपाल भ्रमणमा आएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले जलवायु परिवर्तनले असर पारेका नेपालका हिमाली भेगको अवलोकन गरेका थिए । चारदिने औपचारिक भ्रमणपछि उनले नेपालको एक तिहाइ हिमनदी सुकेको बताएका थिए । यो विषय उनले त्यसपछि दुबईमा सम्पन्न कोप-२८ मा स्मरण गराएका थिए । गत मंसिरमा भएको उक्त कोप-२८ मा नेपालका तर्फबाट स्वयं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सहभागि थिए ।

## साउदी...

असार ९ गते कम्पनी रजिस्ट्रार कार्यालयमा भीएफएस ग्लोबल सर्भिसेज नेपाल नामक कम्पनी दर्ता भएको हो । कम्पनी रजिस्ट्रारमा २९२८८३-७८-०७९ नम्बरमा दर्ता भएको उक्त कम्पनीको वास्तविक सञ्चालक को हो ? अधिकांश व्यवसायीहरू अनुमानका भरमा देखिन्छन् ।

भिएफएस ग्लोबल सर्भिसेज नेपाल प्रा.लि.का सञ्चालक दुबईको वर्ल्डवाइड होल्डिङ्स् लिमिटेड रहेको छ । ५ करोड पुँजीमा खोलिएको उक्त कम्पनीको ३ करोड ५० लाख भुक्तानी भएको छ भने १ करोड ५० लाख भुक्तानी हुन बाँकी रहेको देखिन्छ । शेयर लगतमा कम्पनीको आधिकारिक प्रतिनिधिको रूपमा अमित चुकेले हस्ताक्षर गरेका छन् । कम्पनी कानूनअनुसार शेयर लगतमा हस्ताक्षर गर्ने चुके नै कम्पनीको वास्तविक मालिक हुन् । तर अधिकांश व्यवसायी वैदेशिक रोजगारको विषयमा अनुभव नभएका चुके कागजी मालिक मात्रै भएको र वास्तविक मालिक वैदेशिक रोजगार क्षेत्रका तीन चिरपरिचित व्यवसायी भएको दाबी गर्छन् ।

को हुन् त ती तीन मुख्य व्यवसायी ? जवाफमा एक व्यवसायी भन्छन्, 'सबै कुरा थाहा छ तर कुनै प्रमाण छैन कसरी बोल्नु ?'

यसै विषयमा छलफल गर्न व्यवसायीहरूको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आह्वानमा मंगलबार सर्वपक्षीय भेला सम्पन्न भएको छ । वैदेशिक रोजगार व्यवसायीहरुद्वारा साउदी अरब मुलुकमा कामदार पठाउँदा १ जनवरी २०२४ देखि कामदारको अनिवार्य बायोमेट्रिक गर्नुपर्ने भनि काठमाडौंस्थित साउदी दूतावासले सूचना निकालेको सम्बन्धमा तथा वैदेशिक रोजगार व्यवसायमा देखापरेका समसामयिक समस्याहरुका सम्बन्धमा संघ कार्यसमिति, शुभेच्छुक संघ संस्थाका अध्यक्ष वा प्रतिनिधिहरु र साउदी अरबमा कामदार पठाउने व्यवसायीहरुबीच बृहत् व्यावसायिक भेला भएको हो ।

उक्त भेलामा उपस्थित विभिन्न शुभेच्छुक संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधि र उपस्थित साउदी अरबमा कामदार पठाउने व्यवसायीहरुले आ-आफ्नो धारणा राख्दै कामदारलाई आर्थिक भार पर्ने गरी एकाधिकार लागू गर्न लागिएको भिएफएसबाट गर्न लागिएको बायोमेट्रिक प्रणाली कुनै पनि हालतमा व्यवसायीलाई मान्य नहुने र संघले परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा लिखित पत्राचार गरी जानकारी गराइसकेको तथा श्रम मन्त्रालयबाट परराष्ट्र मन्त्रालयमार्फत साउदी दूतावासको राय माग भएकोले १५ दिनभित्र पनि संघको माग सम्बोधन नभएको खण्डमा कुनै पनि व्यवसायीले साउदी दूतावासमा भिसाका लागि राहदानी नदिने र कामदार पठाउन बन्द गर्ने, साथै उक्त संस्था श्रम मन्त्रालयबाट कुनै अनुमतिबिना नेपालमा आउनुमा व्यवसायी तथा दूतावासका कर्मचारीको निजी स्वार्थमा भएकाले यो व्यवस्था हटाउनुपर्ने माग गरिएको संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए । उक्त भेलाप्रति लक्षित गर्दै ती व्यवसायी भन्छन्, 'ती त्रय मूर्ति को हुन् ? वास्तविकता सार्वजनिक गर्ने कर्तव्य संघको हो ।'

## एकीकृत...

र त्यसमार्फत बायोमेट्रिक अनिवार्य गर्नुपर्ने जस्ता प्रावधानहरु लागू गररे नेपाली कामदारको आर्थिक भार थप्ने काम गरेको उल्लेख गरिएके छ । यो प्रक्रियाले कालान्तरमा एकाधिकारलाई प्रश्रय दिने पनि संगठनले विज्ञप्तिमा उल्लेख गरेको छ ।

संगठनले वैदेशिक रोजगार ऐन २०६४ लाई संशोधन गर्न पनि सरकारसँग माग गरेको छ । वैदेशिक रोजगारमा जाने कार्यमा अवरोध सिर्जना गरेका प्रावधानहरु, सबैले समानरुपमा काम गर्न पाउने अधिकार खण्डित गरी एकाधिकार खडा गर्ने खालका संयन्त्र र कानूनहरु खारेज गरी वैदेशिक रोजगार व्यवसाय पूर्णरुपमा निजी क्षेत्रले गर्न पाउने तथा राज्य स्वयं एजेन्टको भूमिकामा रहेर कामदार पठाउने प्रावधानको अन्त्य हुने गरी ऐन नियम संशोधन गर्न संगठनले माग गरेको हो ।

यस्तै संगठनले वैदेशिक रोजगार व्यवसायीको साझा संस्थाका रुपमा रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई आफ्ना एजेण्डा र अडानहरु स्पष्टरुपमा राखेर आम व्यवसायीलाई एकताबद्ध बनाइ अगाडि बढ्न र सरकार, संसद तथा विभिन्न सरोकारवाला संस्थाका बीचमा वर्तमान वैदेशिक रोजगार ऐन नियममा रहेका र थप लाद्न खोजिएका गलत र अव्यवहारिक कुराहरुका विरुद्ध जनमत तयार गर्न आग्रह गरेको छ ।


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०६/०७ मा दर्ता भएको **प्रा.लि.नं. १२७०४१** को **काष्ठमण्डप कार्गो प्रा.लि.** को मिति २०८०/०७/१५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः चित्र बहादुर विष्ट, इजाजत पत्र नं. २१३**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१०९३८१०**

### Vacancy Annoucement

One of the reputed recruitment agency is seeking for following applicant.

OFFICER SECRETARY : 1 Female
**Requirements:**
(Qualification bachelor's degree English well speaking work in related field 5 years)

SALARY Negotiable

PUBLIC RELATIONS OFFICER : 4 (M/F)
**Requirements:**
Experience in related feild for 5 years.

*Interested candidate with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at skystar1078@gmail.com*

**SkyStar Recruitment Pvt.Ltd.**
श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal
Phone No: 01-5902344, 5902345

### कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ENGINEERING MAINTENANCE COMPANY EMCO** **शहरः Doha**
पूर्व स्वीकृत मितिः २०८०/०४/११ चलानी नं.: ६०२०८७१८ LT. No.: 289976 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस २५ गते (10 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SAAN NEPAL (P.) Ltd. (A manpower consultant)**
**SAAN NEPAL Pvt.Ltd.**
Gov. Lic. No. 734/064/065
Battisputali-9, Kathmandu, Tel.: 01-4584977, 4585077, 9801088616, 9801088617, 9801088618
Email: managersaan@gmail.com | Website: www.saannepal.com.np


## चौतारा साँगाचोकगढी नगरपालिका
## Chautara Sangachokgadhi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

**चौतारा, सिन्धुपाल्चोक**
**Chautara, Sindhupalchok**
**बागमती प्रदेश, नेपाल**
**Bagmati Provance, Nepal**

### सूचिकृत हुने सम्बन्धी सूचना ।

**प्रकाशित मिति : २०८०/०९/१८**

यस चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गत कृषि विकास शाखा तर्फको विषादी खरिद कार्यक्रम अनुसार कृषकहरुको खेति बालीमा क्षति गर्ने विभिन्न प्रकृतिका रोग, किरा आदिलाई रोकथाम गरी कृषकहरुको खेती बालीमा हुने क्षतिलाई न्युनिकरण गर्ने उद्देश्यका साथ कृषकहरुलाई वितरण गर्नका लागि रासायनिक विषादीहरु आवश्यक भएको हुँदा उक्त रासायनिक विषादीहरु उपलब्ध गराउन ईच्छुक नेपाल सरकारबाट ईजाजत (मान्यता) प्राप्त एग्रोभेट/सप्लायर्स/कम्पनी आधिकारिक विक्रेताहरुले नियमानुसार यस नगरपालिकामा मिति २०८०/०९/२४ गते भित्र सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ ।

**संलग्न राख्नुपर्ने कागजातहरु**

१. निवेदन
२. एग्रोभेट/सप्लायर्स /कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. प्यान वा भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि
३. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि
४. बिषादी विक्री वितरण सम्बन्धी इजाजत पत्रको प्रतिलिपि
५. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

**Chhayanath Rara Municipality**
**Office of The Municipal Executive**
Gamgadhi, Mugu
Karnali Province, Nepal

### Invitation for E-Bids

(Date of Publication: - 2080/09/18)

1. Chhayanath Rara Municipality invites electronic bids form Nepalese bidders for the construction of following project in Chhayanath Rara Municipality, Mugu. Under National Comperative Bidding procedure. The name and identification of the contract are as follows.
2. For more information please visit PPMO e-GP System **www.bolpatra.gov.np/egp** or contact Chayanath Rara Municipality, Office, Mugu, Phone : 087-460253, 9858322618 & 9842574867.

| S. N. | Description of work | Contract Identification No | Estimated Cost (With VAT & PS) | Cost Of Bidding Document (NRS). | Bid Security Amount Nrs. | Validity for bid Security | Last date of Submission of Bids. | Bid Opening date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Bama Nafa Bazar RCC Road Work | CRM/NCB/ WORKS/ ROAD/ O4/2080-081 | 6498596.64 | 3,000.00 | 1,62,500.00 | 2081/02/18 | 2080/10/19 12:00 PM | 2080/10/19 14:00 PM |

Chief Administrative Officer

## Tilagupha Municipality
## Office of the Municipal Executive

**Galje, Kalikot District**
**Karnali Province, Nepal**

### Invitation of Electronic Bids

**First Date of Publication: 2080/09/18 (03/01/2024)**

1. The Tilagupha Municipality, Office of the Municipal Executive, Galje, Kalikot invites electronic bids from eligible Bidder submit their bid electronically through E-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp on or before the deadline of 2080/10/19 (02/02/2024) at 12:00 hour. For more details :-visit e-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp and www.tilagufamun.gov.np.
2. Bidder can submit the Bid Security in the form of cash in Deposit Account No.06201050250382 (Dharauti account) at Nepal Investment Mega Bank Branch office Nagma, Kalikot or in the form of bank guarantee in favor of Tilagupha Municipality, Office of The Municipal Executive, Galje, Kalikot as per standard format provided in Bid documents (Contract No. should be clearly mentioned, otherwise will not be accepted). Bid security validity period for tender shall be 120 days from the date of bid opening and should submit/upload the original receipt of the deposited amount of cash along with the Bid document. The Bidder shall be required to deposit the cost of bidding document (as specified in the below table) in the Office's revenue Account no. : 06201400250009 at Nepal Investment Mega Bank Branch office Nagma, Kalikot.

**Contracts Description Table (CDT)**

| S. N. | Contract No. | Description of location of work | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (NRs) | Fee for bid Document NRs. |
|---|---|---|---|---|---|
| 1 | TGM/KKT//PCRCP/ WORK/NCB/07/2080/081 | Panikhal to Chimalchaur Road Construction Project (Ward no. 3) | 76,78,273.27 | 2,00,000.00 | 3000.00 |
| 2 | TGM/KKT/OCRCP/ WORK/NCB/08/2080/081 | Okharvitta to Chuli Road Construction Project (Ward no. 8) | 55,58,869.58 | 1,40,000.00 | 3000.00 |

**Chief Adminstrative officer**

# ‘संविधानको व्याख्या गर्दा राजीनामा माग्ने ?’



**काठमाडौं/मस**–संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले आफूले संविधान अनुसार सबैको अस्तित्व समान छ भन्दा राजीनामा मागिएको भन्दै आक्रोश व्यक्त गरेका छन् ।

मंगलबार काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले संविधानको व्याख्या गर्दा राजीनामा दिनुपर्ने हो भन्दै प्रश्न समेत गरे । ‘सुदन किरातीले संवधानको व्याख्या गर्छ, यो देशको जिम्मा लिन्छु भन्ने नयाँ युगको नेतृत्व गर्छु भन्ने मान्छेले स्टाटस लेख्छ राजीनामाको,’ उनको प्रश्न छ, ‘के हुँदै छ के ? संविधानको व्याख्या गर्न नहुने ? सबै अस्तित्वहरु समान छ भन्न नमिल्ने ? राजीनामा दिनुपर्ने ?’

उनले राजतन्त्रप्रति इंगित गर्दै अहिले जानेर वा नजानेर मानिसहरुले पुरानो व्यवस्थालाई नै ल्याउन खोजेको बताए । उनले नेपाली समाज र मान्ने वा नमान्ने अर्को पाटो रहेको बताए।

मन्त्री किरातीले आफ्नो निधारमा मन्त्रीको छाप नरहेको र राजीनामा दिन आफू सधैं तयार रहेको पनि बताए। उनले आफ्नो लागि धर्म नेपाली, मन्दिर देश र भगवान् जनता भएको बताए । मन्त्री किरातीले धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङप्रति लक्षित गर्दै नयाँ खोज्ने नाममा राष्ट्रपति र प्रधानमन्त्रीको फोटो हटाइएको बताए ।

उनले भावनामा आएर मात्रै देश नचल्ने बताए । मेयर साम्पाङप्रति लक्षित गर्दै उनले मेयरको कार्यालयमा राजाको फोटो झुण्ड्याइएको भन्दै यसरी समाज कता जान्छ भन्दै प्रश्न गरे ।

मन्त्री किरातीले आफूलाई पशुपति विरोधी नै बनाउनेहरुले पशुपतिकै नाम जपेर आफ्नो राजीनामा मागेपनि अन्ततः हारेको बताए ।

उनले पशुपतिनाथको आफूले धेरै सेवा गरेको भन्दै पशुपतिनाथ भगवान् नै रहेको बताए ।

मन्त्री किरातीले केही दिनअघि क्रिश्चियनलाई नमान्नेहरु संविधान विरोधी भएको भन्दै उनीहरुलाई जेलमा हाल्ने अभिव्यक्ति दिएपछि उनको आलोचना भएको थियो ।

# टोल सुधारमा दत्तचित्त भएर लाग्ने अध्यक्ष पुनको प्रतिबद्धता

**दिनेश ठाकुर/मध्यान्ह**
नेपालगन्ज, १७ पुस



बाँकेको राप्ती सोनारी गाउँपालिका वडा नं.७ निवुवाटार टोल विकास संस्थाको अध्यक्षमा कमल पुन निर्वाचित भएका छन्।

मंगलबार राप्ती सोनारी गाउँपालिका वडा ७ का वडाअध्यक्ष राम लखन थारूको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा ७ जना कार्यसमिति चयन भएको छ । अध्यक्ष पदमा निर्वाचित भए प्रश्चात अध्यक्ष पुनले संस्थाको सम्पूर्ण कार्यसमितिलाई बधाई दिँदै राप्ती सोनारी गाउँपालिकाभित्रको उत्कृष्ट संस्था बनाउन समेत आह्वान गरेका थिए। अध्यक्ष पुनले आफ्नो कार्यकालमा टोलभित्र चोरी डकैती तथा अन्य असामान्य गतिविधिहरुको निगरानी गर्न आफ्नो भौगोलिक क्षेत्रभित्र सीसीटीभी राख्न गाउँपालिकामा योजना पेश गर्ने, टोलका बत्तीका पोलहरुमा जडित बत्तीहरुको नियमित मर्मत गर्ने, ढल्किएका तथा जीर्ण रुपमा रहेका बिजुलीका पोलहरु फर्ने र वडा तथा प्राधिकरणमा पत्रचार गरी आवश्यक व्यवस्थापन गर्न पहल गर्ने बताएका छन् । यस्तै उनले बाटोको निर्माण तथा मर्मतको लागि पालिकामा नियमित रुपमा योजनाहरु पेश गर्ने, टोलबासीहरुको आवश्यकता बमोजिम खानेपानी लाइनमा पानी सञ्चालन गर्न सम्बन्धित संस्थामा अनुरोध गर्ने, विभिन्न संघसंस्थाहरुसँगको समन्वयमा सामाजिक कार्यहरु रक्तदान एवम् स्वास्थ्य शिविर सञ्चालन गर्ने, टोलबासीहरुबीच सधैं आपसी मेलमिलाप तथा धार्मिक साँस्कृतिक भावनालाई सम्वर्द्धन गर्न विभिन्न धार्मिक तथा सामाजिक कार्यहरुमा सहभागिता जनाउन पहल गर्ने बताएका छन् । यस्तै टोलको सौन्दर्य तथा वातावरण सुधारलाई ध्यानमा राखेर समय-समयमा वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापनसँग सम्बन्धित संस्थाहरुसँग समन्वय गरी जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने, एक घर एक बिरुवा कार्यक्रमलाई अनिवार्य गरी टोललाई हरियाली समाजको रुपमा परिचित गराउन पहल गर्ने अध्यक्ष पुनले प्रतिवद्धता जनाएका छन् ।

टोल विकास संस्थाका सदस्य तथा सदस्यका ७० वर्षभन्दा माथिका आमाबुबाहरुलाई वार्षिक साधारण सभा तथा विशेष कार्यक्रमको अवसरमा सम्मान गर्ने । यस्तो सम्मान ७० बर्ष पुगेपछि पहिलो पटक र दोहोरिने अवस्थामा हरेक ५ वर्षपछि विशेष सम्मान प्रदान गर्ने, टोल विकास संस्थाका साधारण सदस्य तथा पदाधिकारीहरुको मृत्यु भएको अवस्थामा तेह्रौ पुण्यतिथिभित्र परिवारका सदस्यलाई भेटि समवेदन पत्र दिने साथै पछिको साधारण सभा वा विशेष कार्यक्रमको अवसरमा उक्त पदाधिकारीको योगदानको उच्च मुल्याकंन गर्दै परिवारका सदस्यलाई निजको नाम उल्लेख गरिएको कदर पत्रले सम्मान गरिने र टोल विकाश संस्थाले वडा कार्यालयसँग समन्वय गरी हरियाली विकास कार्यक्रमका लागि पहल गरिने लगायतको साझा उद्देश्य प्रस्तुत गरेका थिए ।

# ट्यांकरले अटोलाई ठक्कर दिंदा दुई जनाको मृत्यु

**रौतहट/मस**–रौतहटको उतरी भेग चन्द्रपुर नगरपालिका वडा नं. ५ मा ट्यांकरले अटोलाई ठक्कर दिँदा दुई जना भारतीय नागरिकको मृत्यु भएको छ । बाग्मतीको नुनथरबाट चन्द्रनिगाहपुरतर्फ आउँदै गरेको गरेको ज १ ह ४४८५ नम्बरको अटोलाई अम्लेखगञ्जबाट सर्लाहीतर्फ जाँदै गरेको प्रदेश २-०३-००१ ख १९२७ नम्बरको तेल बोक्ने ट्यांकरले सोमबार राति चिडियादह चोक नजिकमा ठक्कर दिएको थियो । ठक्करबाट अटोमा सवार दुई भारतीय नागरिकको मृत्यु भएको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको हो ।

दुर्घटनामा गम्भीर घाइते दुवैको वीरगञ्जमा उपचारको क्रममा मृत्यु भएको प्रहरी नायव उपरीक्षक गौरव महतले बताए । उनका अनुसार मृत्यु हुनेमा अटोमा सवार भारतको सितामाढी डुमरी बस्ने ३५ वर्षीया पिंकु सिंह र सोही गाउँ बस्ने २२ वर्षीय अवधेश झा रहेका छन् । चन्द्रपुर-१ स्थित वाग्मतीको नुनथरमा मृतक दुवै जना अंग्रेजी नयाँ वर्ष २०२४ मनाउन आएको अनुसन्धानबाट खुलेको उनले जानकारी दिए ।

ईलाका प्रहरी कार्यालयले ट्यांकर चालक दुर्गा भगवती गाउँपालिका-६ गंगापिपराका २६ वर्षीय प्रविण साहलाई नियन्त्रणमा लिएको छ । प्रहरीका अनुसार टेम्पो चढेर चन्द्रनिगाहपुर तर्फ आउँदै गर्दा पूर्वबाट आउँदै गरेको अटोलाई ट्यांकरले ठक्कर दिएको हो । अटोमा सवार चन्द्रपुर-५ का समिर अन्सारी, गरुडा-६ पोठियाहीका असगर देवान र जवाहिर खातुन घाइते भएको प्रहरीले जनाएको छ । अटो चालक वाग्मती नगरपालिका-६ खाल्टे बस्ने ४४ वर्षीय भुपेन्द्र सहनी घाइते भएको प्रहरी नायव उपरीक्षक महतले बताए ।

सहनीको दाहिने हातमा चोट लागेको छ । घाइतेको चन्द्रपुर अस्पतालमा उपचार भइरहेको छ । अस्पतालका अनुसार देवानको मुखमा र अन्सारीको घाँटीमा चोट लागेको छ । खातुनको दाहिने हात भाँचिएको छ । अटोमा ६ जना सवार रहेको प्रहरीले जनाएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०५/१० मा दर्ता भएको **प्रा.लि.नं. २२२५१४** को **दिदी बहिनी होटल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Vacancy Annoucement**

One of the reputed recruitment agency is seeking for following applicant.

**Marketing officer for oman country : 1 Female**
Requirements:
Minimum 3 Years experienced in the related fields.
Education Bachelor any in Field.
Fluent English with Computer knowledge.

SALARY Negotiable

Interview coming 5 January 2024 friday in office
Interested candidate with experienced in the related field may apply their application with covering letter, updated CV at Manpower Office.

**Heaven Overseas Pvt.Ltd.**
पोष्ट बक्स नं: ९९२४, पिंगलास्थान, गौशाला, काठमाडौं. फोन: ४११३६४४, ४११३७७८, फ्याक्स: ४११३७७८
Mobile No: 9841459668 / Web:www.heavenoverseas.com

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०९/१७**

**बाइकमाण्डू ट्रान्सपोर्ट सर्भिस प्रा.लि.** को मिति २०८०/०८/१८ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बाइकमाण्डू ट्राभल्स प्रा.लि. (प्रा.लि. नं.: २१०८११)** कायम गर्ने गरी मिति २०८०/०८/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**HIMALAYAN LIFE**
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ५९७००५७, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1 | PLI1030000282 | YUJIN RAI | BASA-4 SOLUKHUMBU |

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Local Infrastructure**
**Local Infrastructure Development Project Office**
**Karnali Province, Birendranagar, Surkhet**

## Invitation for Bids

**Date of publication: 2080/08/04**

Local Infrastructure Development Project Office, Surkhet invites For the Fabrication, Supply, Transportation, Construction and Erection of Various Trail Bridges (Contract Identification No: LIDPO/Surkhet/TB/W/NCB-02/2080/081) and Specific maintenance of road of various district (Contract Identification No: LIDPO/Surkhet/RM/W/NCB-1/2080/081, LIDPO/Surkhet/RM/W/NCB-2/2080/081, LIDPO/Surkhet/RM/W/NCB-3/2080/081 & LIDPO/Surkhet/RM/W/NCB-4/2080/081). Eligible bidders may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp.

1. Date Of Publication: 2080-09-18 (2024-January-3)
2. Pre-Bid Meeting Date: 2080/10/09 (2024-January-23), 13:00 hrs.
3. Last Date Of Submission: 2080/10/19 (2024-February-02), 12:00 hrs.
4. Technical Bid Opening Date: 2080/10/19 (2024-February-02), 13:00 hrs.

**Office Chief**

“स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद”

**कर्णाली प्रदेश खेलकुद विकास परिषद्**
**कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत**

**लोगो, मस्कट र खेलकुद नारा सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८०/०९/१८ गते**

२०८१ साल मंसिर २ देखि ९ गतेसम्म कर्णाली प्रदेशमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागी आवश्यक लोगो,मस्कट र खेलकुद नारामा निम्न अनुसार व्याख्या समावेश हुने गरी इच्छुक व्यक्ति, संस्थालाई गोप्य शिलबन्दी पत्र यस कार्यालयमा १५ दिनभित्र दर्ता गर्न वा karnalisportscouncil@gmail.com ठेगानामा पठाउनुहुन जानकारीको लागी यो सूचना प्रशासन गरिएको छ।

(क) लोगो : कर्णाली प्रदेशको प्रतिविम्व झल्कने दशौं राष्ट्रिय खेलकुद समेटिएको शान्तिको प्रतिकसँग सम्बन्धीत हुनु पर्ने छ।

(ख) मस्कट : कर्णाली प्रदेशमा पाइने दुर्लभ जनावरलाई उल्लेख गर्नु पर्ने छ।

(ग) नाराः राष्ट्र, राष्ट्रियता, कर्णाली, दशौं राष्ट्रिय खेलकुद आदी समेटिएको सकभर कर्णालीको खस भाषा प्रयोग भएको हुनु पर्ने छ।

नोट : उत्कृष्ट लोगो छनौट भएमा रु.१५ हजार प्रोत्साहन रुवरुप प्रदान गरिने छ।
उत्कृष्ट नारा छनौट भएमा रु. १० हजार प्रोत्साहन स्वरुप प्रदान गरिने छ।

**बिश्वामित्र संज्याल**
**सदस्य सचिव**

**मेलम्ची नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलम्ची, सिन्धुपाल्चोक**
**बागमती, प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताब खोल्ने बारेको सूचना**

**प्रकाशित मिति:** २०८०/०९/१८

मेलम्ची नगरपालिकाबाट मिति २०८०/०८/१० गते राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र सूचना अनुसार e-bid मार्फत कार्यालयमा मिति २०८०/०९/११ गते दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमकका बोलपत्रदाताहरुको बोलपत्रको प्राबिधिक प्रस्ताब परिक्षण गर्दा बोलपत्रमा माग भए बमोजिमको योग्यताको आधारमा योग्य भई सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ को उपनियम(५)बमोजिम तपसिल बमोजिमका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताब मिति **२०८०/०९/२५** गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने हुँदा सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**Project Name : Construction of 10 No. Healthpost Building Type 4, Melamchi Municipality**

**Project ID: MMSI/WORKS/NCB/2080-81/17**

| S.N. | Bidders Name | Addrress |
|---|---|---|
| 1 | M/S Bajra Mansh Construction Company Pvt.Ltd. | Chautara Sangachokgadhi Municipality-4 |
| 2 | M/S joshi G construction Pvt Ltd | panauti-7 phone: |
| 3 | M/S Orbit Engineering And Builders | Gokarneshwor, Kathmandu |
| 4 | M/S Bhatbhateni / Siyon J.V | Kavre phone |
| 5 | M/S Mangmalungma Construction | Sukedhara-04, Kathmandu |
| 6 | M/S Kedar/Shanti And Ashwin JV | Panchokhari Thangpal RM-1 |
| 7 | M/S Rukmini Engineering and Construction Pvt. Ltd | Radhe Radhe-9, Bhaktapur |

प्रमुख प्रशासकीय अधिकृत

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१८ पुस २०८०, बुधबार
3 January 2024, Wednesday

## सम्पादकीय

# जनमतको अपमान !

राष्ट्रियसभा चुनावको मिति नजिकिदै गर्दा शीर्ष नेताहरूको भेटघाट पनि बाक्लिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै पहलकदमीमा सत्तारूढ र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका नेताहरूबीच समेत भेटवार्ता चलिरहेको छ । कतिपयले राष्ट्रियसभा चुनावमा राष्ट्रिय सहमतिको प्रयत्न समेत चलेको टिप्पणी गरिरहेका छन् । यदि यस्तो टिप्पणी सत्य हो भने राष्ट्रियसभा चुनाव कुनै रहस्यको विषय रहने छैन । किनकि जसले टिकट पाउनेछन्, उसले जित्ने निश्चित हुनेछ । प्रतिस्पर्धा भन्ने नै हुनेछैन । त्यस्तो परिस्थिति भनेको बहुदलीय प्रतिस्पर्धाविहीन हुनेछ । किनकि बहुदलीय प्रतिस्पर्धामा उम्मेद्वारहरूबीच प्रतिस्पर्धा हुने र श्रेष्ठता हासिल गर्ने व्यक्ति जनप्रतिनिधि हुनेछन् । संवैधानिक व्यवस्था र भावना पनि त्यही हो ।

तर शीर्ष नेताहरूबीच नेता व्यवस्थापन र पद सुरक्षित गर्ने चाहना स्वार्थमा संवैधानिक भावना बिपरीत गतिविधिमा सक्रिय भएको देखिन्छ । राष्ट्रियसभाको अध्यक्ष पदबारे त चुनाव अगाडि नै लगभग सहमति जुटिसकेको देखिन्छ । गत वर्ष मंसिरको चुनाव झापा–३ बाट हारेका नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाको नाममा सत्तारूढबीच पूर्वसहमति जस्तै देखिन्छ । त्यो भनेको २० फागुनपछि हुने राष्ट्रियसभा अध्यक्षको चुनावबारे आवश्यक सामान्य विमर्श र चुनावी नतिजा पर्खनुपर्ने रसहृय समेत बाँकी नहुनु हो । बाँकी सदस्य पदमा पनि दलहरूबीच आमसहमति जुटाउँदा उम्मेद्वारहरूबारे पनि अनेक आँकलन भइरहेको छ । अहिले चलेकै चर्चा निर्णयमा बदलिने हो भने प्रतिनिधिसभाको चुनाव हार्नेहरू राष्ट्रियसभामा जाँदैछन् । त्यस्तो वातावरण बनाउन मुख्य नेताहरू सक्रिय छन् ।

यदि पूर्वाभ्यास र टिप्पणीहरू प्रमाणित भएमा भने राष्ट्रियसभाको गरिमामाथि ठूलो प्रश्न उठ्नेछ । त्यसैपनि विज्ञहरू पुग्नुपर्ने ठाउँमा भागबण्डाका आधारमा कम क्षमताका व्यक्ति पुगेको टिप्पणी भइरहेको छ । प्रतिनिधिसभालाई सन्तुलनमा ल्याउने नभएर राष्ट्रियसभा कार्यकर्ता व्यवस्थापन हुने ठाउँ बनिरहेको अनेक उदाहरणले पुष्टि भइरहेको छ । राष्ट्रियसभा सदस्यहरूले विधेयकको आवश्यक मस्यौदा अध्ययन गर्न समेत नसकेर हाँसोको विषय बनेका नजीर छन् । त्यस्तो टिप्पणी र आरोपलाई सच्याउनेगरी दलहरूले उम्मेद्वार चयन गर्नुपर्ने हो । तर फेरि पनि चलिरहेको प्रयत्न भने नेताहरू व्यवस्थापनमा मात्रै सीमित देखिएको छ । यस्तो प्रयत्नले संविधान र व्यवस्थालाई कमजोर बनाउने मात्रै नभएर जनमतको समेत अपमान हुनेछ । एउटा चुनावमा पराजित हुनु भनेको जनताको मन जित्न पाँच वर्ष दिइने समय पनि हो ।

# समाज रूपान्तरणमा विज्ञान र प्रविधि

अग्रलेख



● डा रविन्द्रप्रसाद ढकाल

नेपालको संविधानले विज्ञान तथा प्रविधिलाई देशको विकाससँग आवद्ध गर्दै वैज्ञानिक अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविस्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति आत्मसात गरेको छ । राष्ट्रको सर्वाङ्गीण विकासका लागि विज्ञान तथा प्रविधिको विकास र उपयोगको महत्वपूर्ण भूमिका रहन्छ । विश्वमा विकसित राष्ट्रहरूको विकासको मूल आधार नै समयसापेक्ष प्रविधिको विकास रहेको पाइन्छ । जहाँ विज्ञान र प्रविधिको विकास, प्रवर्द्धन र उपयोग भएको छ, त्यहाँको विकासको दर उच्च रहेको छ ।

नेपालमा समयसापेक्ष र जनताको समस्या समाधान गर्न सक्ने किसिमले विज्ञान र प्रविधिको विकास र प्रयोग हुन सकिरहेको छैन । वि.सं. २०७६ मा ल्याइएको राष्ट्रिय विज्ञान प्रविधि र नवप्रवर्तन नीतिले समेत तथ्यमा आधारित अनुसन्धानमा जोड दिँदै जनचेतना अभिवृद्धि गर्ने र समाजमा विद्यमान अन्धविश्वास र कुरुतीलाई निर्मूल गर्ने रणनीति निर्धारण गरेको छ । यस नीतिले विज्ञान तथा प्रविधिका प्रायः सबै विधाहरूलाई समेट्ने प्रयास गरेको छ । आर्टिफिसियल इन्टिलिजेन्स (एआई), नानो प्रविधि, वायो प्रविधि, परमाणु विज्ञान, इन्जिनियरिङको अधिकतम् उपयोग गरी औद्योगिक उत्पादकत्व वृद्धि, उचित व्यवसायीकरण, दिगो पूर्वाधार विकास, जैविक तथा खनिज स्रोतको उपयोग, वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण र सुशासन सेवा प्रवाह, साइवर तथा राष्ट्रिय सुरक्षालाई नीतिमा प्राथमिकता क्षेत्रको रूपमा लिइएको छ ।



नेपालमा विज्ञान र प्रविधि क्षेत्रका कार्य गर्ने सर्वोच्च निकाय नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले स्थापनादेखि निरन्तर रूपमा समाजमा वैज्ञानिक चेतना अभिवृद्धि गर्ने, जनतालाई वैज्ञानिक ज्ञानद्वारा सू-सुचित पार्ने र तथ्यमा आधारित जानकारी प्रदान गर्ने कार्य गर्दै आएको छ । विज्ञान र प्रविधि क्षेत्र अन्तरसम्बन्धित विषयवस्तु भएकाले एकल संस्थाभन्दा संस्थाहरूबीच सहकार्य र समन्वयबाट उद्देश्य प्राप्तिमा प्रभावकारी हुन सक्दछ । विज्ञान तथा प्रविधि विकासको लागि नेपाल सरकारले एक अर्बको कोष स्थापना गर्ने चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम समावेश गरिसकेको छ । केही प्रक्रियागत व्यवस्थापन भएपछि उक्त कोषबाट प्रतिभावान् युवाहरूलाई स्वदेशमा रहेर अनुसन्धान गर्ने मौका अभिवृद्धि हुनेछ । प्रदेशस्तरबाट पनि विज्ञान तथा प्रविधिलाई प्रवर्द्धन गर्न विशिष्टिकृत अनुसन्धान केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउन प्रारम्भ भैसकेको छ । नेपाली मौलिक प्रविधिलाई समयसापेक्ष परिमार्जन एवम् जनोपयोगी बनाउन आवश्यक प्रक्रिया बढाइसकिएको छ ।

नास्टको स्थापना भएको चार दशक भैसकेको छ । विज्ञान र प्रविधिको विकास गर्न नास्टले आफ्नो भूमिका अब फरक ढंगबाट निभाउन जरुरत भैसकेको पनि देखिन्छ । तसर्थ, आफ्नो चार दशक अगाडि बनाइएको संरचनामा परिमार्जित गर्नु आवश्यक भएको महसुस नास्टले गरेको छ । यसैलाई मनन गरी नास्टको संरचना परिमार्जन गर्दै यसका गतिविधिलाई अझ सशक्त ढंगबाट अगाडि बढाउन यसका उद्देश्य र संरचना पुन परिभाषित र परिमार्जन गर्न मन्त्रालयको प्रतिनिधि सहित विभिन्न प्राज्ञिक संस्थाका प्रतिनिधिहरू सम्मिलित भएको एक संरचना परिमार्जन समितिमार्फत कार्य अगाडि बढाइ रहेको छ ।

विज्ञान र प्रविधिको कुनै सीमा हुँदैन । एक ठाउँको अनुसन्धान र आविस्कार अर्को ठाउँमा सजिलै उपलब्ध र उपयोगी हुने हुँदा विकासको गति विश्वमा अद्भूत रूपमा भैरहेको छ । नास्टले पनि विज्ञान कुटनीतिमा विश्वास राखी विज्ञान कुटनीतिलाई प्रयोग गरी नास्टको समुन्नति र विज्ञान प्रविधि क्षेत्रका विकासमा अग्रसर हुने खालको गतिविधिलाई बढवा दिँदैछ । कोरिया सरकारको एनआइए संस्थाको सहयोगमा नास्टस्थित इन्फरमेशन एक्सेस सेन्टर स्थापना गरी सूचना र सञ्चारसम्बन्धी ज्ञान विद्यार्थी र इच्छुकहरूलाई दिँदै आइरहेको छ । नास्टले आफ्नो गतिविधि सञ्चालन गर्दा समावेशीतालाई विशेष ध्यान दिएको छ । युवा वैज्ञानिक फोरम र महिला वैज्ञानिक फोरम स्थापना गरी युवा र महिला वैज्ञानिकको क्षमता अभिवृद्धि गर्ने र युवा एवम् महिला वैज्ञानिक र प्राविधिकलाई सहयोग र प्रोत्साहन गर्ने खालका गतिविधिहरू सञ्चालनमा नास्टले सहयोग पुऱ्याउँदै आएको छ । विज्ञान विषयका विद्यार्थीदेखि शिक्षकसम्म युवा नवप्रर्वतनदेखि विश्वविद्यालयका अनुसन्धान कर्तासम्मलाई विभिन्न ढंगबाट सहयोग पुऱ्याउँदै आएको छ । विभिन्न संस्थागत प्रतिनिधित्व हुने गरी १६ वटा उपसमितिहरूमार्फत नास्टका गतिविधिमा सहभागी हुने अवसर पनि प्रदान गरिएको छ ।

> *विज्ञान र प्रविधि बिना विकास सम्भव छैन । हाम्रोजस्तो विकासोन्मुख देशमा विकासका लागि विज्ञान हुनु आवश्यक छ । देशको विकास र जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन विज्ञान तथा प्रविधिलाई पूर्णरूपमा सदुपयोग गरी औद्योगिक, सामाजिक क्षेत्रको प्रगतिका लागि वैज्ञानिक खोज र अनुसन्धानलाई प्रोत्साहित गर्नुपर्ने हुन्छ ।*

नास्टले आफ्नो समुन्नतिमा पनि ध्यान दिँदै विज्ञान प्रविधि क्षेत्रको अनुसन्धानमा जोड दिएको छ । रेडियसनसम्बन्धी अध्ययनलाई सहयोग पुऱ्याउन बन्करसहित अनुसन्धान भवन निर्माण गर्ने कार्यक्रम पनि रहेको छ । यस्तै आफूले दिइरहेको सेवालाई एकीकृत गरी सहज र प्रभावकारी ढंगबाट सर्वसाधारण, संघसंस्थालाई विश्लेषणात्मक सेवा एकै ठाउँबाट दिन विश्लेषणात्मक सेवा केन्द्रको थालनी नास्टले गरेको छ । ४०० मेगाहर्जको एनएमआर, सिएचएनएस एनालाइजर, एलसी-एमएस, जिसी-एमएस जस्ता अत्याधुनिक उपकरणहरूसहित नाष्टस्थित प्रयोगशालालाई अत्याधुनिक एवम् समुन्नत पनि बनाइएको छ । प्रत्येक प्रदेशमा एक/एक वटा विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना कार्य समेतलाई अगाडि बढाई हालसम्म चारवटा केन्द्र स्थापना भइसकेको छ भने अरु दुई तत्कालै खोल्ने प्रक्रियामा रहेका छन् । एक शाखा भने प्रयोगशालामा रूपान्तरण हुने प्रक्रियामा रहेको छ । नास्टले आफ्ना गतिविधि सञ्चालन गर्दा सिर्जनशीलतामा जोड दिएको छ । नास्ट अवस्थित सातदोबाटोदेखि गोदावरीसम्ममा करिब ११ किमि सडकका वरिपरि रहेका वैज्ञानिक संघसंस्थासँग सहकार्य गरी विज्ञान शहरको अवधारणा विकास गरेको छ । यसबाट विज्ञान र प्रविधिप्रति रुचि सर्वसाधारण र विद्यार्थीमा बढाउन एवम् विज्ञान प्रविधिसम्बन्धी जानकारीमूलक भ्रमण गर्ने अवसर प्राप्त हुन्छ । नास्टले आफ्नो हाताभित्र विज्ञान र प्रविधि र नवप्रवर्तन पार्क अर्थात् विज्ञान पार्कको अवधारणा विकास गरी कार्य अगाडि बढाएको छ ।

विज्ञान प्रविधिको विकासमा फड्को मार्न नसकेका कारण आज देशबाट धेरै युवा प्रतिभाहरू विदेश पलायन भएका छन् । राज्यको सर्वाङ्गीण विकासको गतिलाई तीव्रता दिन, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा उपलब्ध ज्ञान, विज्ञान र प्रविधिको समुचित उपयोग गर्नसक्ने क्षमताको अभिवृद्धि गर्नु जरुरी हुन्छ । नास्टले वैज्ञानिक संघ/संस्थाहरूलगायत वैज्ञानिक र प्राविधिकहरूलाई वैज्ञानिक क्रियाकलापमा सहयोग गर्न कार्यविधिहरू निर्णय गरी क्रमश सहयोगमा वृद्धि गर्दै लगेको छ । पिएचडी र स्नातकोत्तरका विद्यार्थीलाई शोधपत्र तयार पार्न आर्थिक सहयोग गर्नुका साथै अनुसन्धानकर्ताहरूलाई अनुसन्धान वृत्ति प्रदान गर्ने गरेको छ । यस्तै विद्यार्थीहरूलाई अनुसन्धान गर्न विज्ञान र प्रविधि संकायमार्फत सञ्चालित प्रयोगशाला उपलब्ध एवम् सुपरीवेक्षण गर्ने व्यवस्था मिलाइएको छ । युवा पलायनलाई रोक्न, अनुसन्धानमा अभिमुखीकरण गर्न र राष्ट्रको समस्या नजिकबाट नियाल्न सहयोग पनि पुगोस् र युवाहरूलाई रोजगारीको अवसर पनि जुटोस् भनेर रिसर्च असिस्ट्यान्ट, रिसर्च फलो, एशोसियट रिसर्च फेलोजस्ता अनुसन्धान वृत्ति कार्यक्रमहरू सञ्चालन गरी अनुसन्धानकर्मीलाई अवसर सिर्जना गरिएको छ । चालिस वर्षभन्दा कम उमेरले एशोसियट नास्ट फेलो, विशिष्ट अनुसन्धानकर्मी र विज्ञलाई एमिनेन्ट नास्ट फेलो दिने व्यवस्थाले विज्ञहरूलाई अनुसन्धान र ज्ञान अभिवृद्धि गर्ने अवसर पनि नास्टले प्रदान गर्दै आइरहेको छ ।

विज्ञान तथा प्रविधि प्राथमिकतामा परेको भएपनि लगानीमार्फत सुनिश्चित गर्न सकेका छैनौं । पर्याप्त बजेट नहुँदा नयाँ अनुसन्धान गर्न सकिएको छैन भने गरिएका अनुसन्धानका आधारमा प्रविधिको विकास हुन सकेको छैन । अर्को मुख्य चुनौतीका रूपमा जनशक्तिको पलायन मुख्य बनेको छ । हामीसँग विज्ञान प्रविधिका क्षेत्रमा गहिरो ज्ञान र अनुभव भएका पर्याप्त जनशक्ति भएपनि उनीहरूलाई परिचालन गर्न आर्थिक, प्राविधिक र संस्थागत संरचनाको अभावले सकेका छैनौं । त्यस्तै विज्ञान कुटनीतिलाई पनि प्रभावकारी रूपमा अगाडि बढाउन सकिएको छैन ।

विज्ञान बिना विकास सम्भव छैन । हाम्रोजस्तो विकाशोन्मुख देशमा विकासका लागि विज्ञान हुनु आवश्यक छ । देशको विकास र जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन विज्ञान तथा प्रविधिलाई पूर्णरूपमा सदुपयोग गरी औद्योगिक, सामाजिक क्षेत्रको प्रगतिका लागि वैज्ञानिक खोज र अनुसन्धानलाई प्रोत्साहित गर्नुपर्ने हुन्छ । त्यसैले नाष्टले स्थापनाकालदेखि नै प्रविधिलाई सरल तथा सहज रूपमा नेपाली समाजमा स्थापित गर्दै आएको छ । वैज्ञानिक अनुसन्धानबाट प्रतिपादन ज्ञान र परम्परागत एवम् उदीयमान प्रविधिका उपलब्धिलाई आधारभूत आवश्यकता परिपूर्तिमा केन्द्रित गर्ने तथा देशमा उपलब्ध प्राकृति स्रोत साधनको बुद्धिमतापूर्वक उपयोगमा जोड दिनु पर्ने देखिन्छ । विज्ञान तथा प्रविधिलाई उत्पादनको साधन तथा विकासको पूर्वाधारको रूपमा अंगीकार गरी यस क्षेत्रमा राज्यको लगानी उल्लेख्य वृद्धि गरी अनुसन्धान तथा प्रविधिमा प्राथमिकता दिनु आवश्यक छ ।

जनताको अपेक्षा नास्टप्रति बढी रहेको छ । स्वच्छ वातावरण, स्वास्थ्य खाद्य, आवास, पूर्वाधार, सूचना-सञ्चार, शिक्षा र सामाजिक सुरक्षालगायतका विषयमा विज्ञान र प्रविधि र नवप्रवर्तनात्मक कार्य गरी सुखी एवम् समृद्ध राष्ट्र निर्माणमा सहयोग पुऱ्याउन आवश्यक छ । उदीयमान प्रविधिको प्रयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै नवप्रवर्तनलाई दिगो विकासका लक्ष्यसँग तादम्यता गर्नेतर्फ हाम्रो प्रयासहरू केन्द्रित हुनुपर्ने छ । आगामी सोह्रौं पञ्चवर्षीय योजनामा विज्ञान तथा प्रविधिमा के-कस्ता कार्यक्रमहरू समावेश गरी यस क्षेत्रमा स्थापित हुन सम्भव हुन्छ गहन छलफल र मन्थन गरेर भावी योजना तय गर्ने कार्य भइरहेको छ । देशको आवश्यकता र प्राथमिकतालाई मनन गरी रणनीतिक योजनाहरूको खाका तयार गरिनेछ । नेपालको हालको मुख्य समस्या भनेको फोहोरमैला व्यवस्थापन, गुणस्तरीय मलको अभाव, ऊर्जाको विविधीकरण, जडिबुटीको उपयोग र प्रशोधन, वन पैदावरको उचित प्रयोग आदि नै हुन् र त्यसमा पनि हामी चुकेको युवा पलायन रोक्न र सम्बन्धित प्रविधिको प्रयोग गरी सकारात्मक सन्देश प्रवाह गर्न नसक्नु नै हो । देश छाडेर विकास हुँदैन, नकारात्मकतालाई प्रोत्साहन गरेर पनि व्यक्तिगत प्रगति हुँदैन । त्यसैले सिर्जनशील युवा विकासमा केन्द्रित हुन विज्ञान र प्रविधिप्रति आकर्षण थपेर सकारात्मक समाज निर्माण गर्नु आजको आवश्यकता रहेको छ ।

***(लेख, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) का सदस्यसचिव ढकालसँग गरिएको कुराकानीमा आधारित छ ।)***

## सामाजिक सञ्जाल



- शरदराज पाठक

नेपाली परम्परागत राजनीतिमा नैतिकताको सानो अंश पनि बाँकी रहेन । नैतिकताहिन राजनीतिमा आफै राजीनामा-कल्पनाबाहिरको कुरा । बालकुमारी घटना भड्काएकोमा मन्त्री ज्वाला र धार्मिक सद्भाव बिथोल्ने अभिव्यक्तिका लागि मन्त्री किराँतीलाई तत्काल बर्खास्त गरियोस् । प्रम र गृहमन्त्री माफी माग्नुहोस् ।



- भानुप्रसाद आचार्य

सार्वजनिक निर्माण वस्तु सेवा परामर्श खरिद किन हुँदैनन् विवाद रहित ! नियम कानुन पालन नगर्ने होड स्वेछ्याचारितामा जोड ! नियतमा खोट राज्यलाई चोट लगाउछन् कोट सगाल्छन् नोट भोट ! दोश त्रुटी जिम्मेवारी अर्कालाई फाईदा आँफैलाई ! कतिन्जेल यस्तो दुरावस्था स्थापित गर सुव्यवस्था !



- किशोर नेपाल

वैदेशिक रोजगारी जीवनयापनको एकमात्र आउटलेट हुँदै गएको अवस्थामा हिंसाको जगजगी अस्वाभाविक होइन । वैदेशिक रोजगारीको भरमा मात्र कुनै देशको विकास हुँदैन । सरकारले सोच्नुपर्छ यो कुरा वैदेशिक रोजगारी एकछिनका लागि आँखाको रिमझिम मात्रै हो ।



- नगेन्द्र प्रसाद पौडेल

राजनीति वितृष्णा बढिरहेका बेला सार्वजनिक मञ्चमा ज्ञानेन्द्र र उनका नाती हृदयेन्द्र एउटै मञ्चमा देखिएका छन् । यो निकै अर्थपूर्ण छ । कतिपयले भनेका छन्, अब राजाका रूपमा हृदयेन्द्रलाई अघि सारिँदैछ । निर्मल निवास अब चुप लागेर बस्नेवाला छैन । ज्ञानेन्द्रको मौनता छिट्टै बिस्फोट हुँदैछ ।

## तपाईंको राशिफल

मेष : सामाजिक जीवन प्रभावशाली हुनेछ । शत्रु कमजोर हुनेछन् ।

वृष : पराक्रम बढ्नेछ र विद्यार्थीहरूको लागि समय राम्रो छ ।

मिथुन : उधारो धन दिनु हुँदैन । विरोधी कमजोर हुनेछन् ।

कर्कट : बाहन प्राप्तिको योग छ । यात्रा सफल हुनेछ ।

सिंह : आर्थिक कार्यहरूमा अनुकूल प्रगति हुनेछ । यश बढ्ने योग छ ।

कन्या : सबै कार्यहरूमा सावधानी र धैर्य राख्नु पर्छ ।

तुला : मनमा बेचैनी रहनेछ । कार्यलाई टार्नु हुँदैन ।

वृश्चिक : वाणी संयम र अनावश्यक विवाद हुने योग छ ।

धनु : यात्रा पूर्ण हुनेछ । पारिवारिक सहयोग प्राप्त हुनेछ ।

मकर : पैतृक सम्पत्ति प्राप्तिको योग छ । नैतिकता आवश्यक हुन्छ ।

कुम्भ : शुभ समय प्राप्त हुनेछ । जोखिम नलिनु होला ।

मीन : पारिवारिक उल्झनले अशान्ति पैदा गर्नेछ । स्वास्थ्य सामान्य रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

विचार

# ढाका टोपी र नेपालीको राष्ट्रियता



● कृष्ण पौडेल

> *पोशाकलाई राष्ट्रियतासँग जोडेर हेरिनु, दिवस मनाउनु, नलगाउनेहरूको उछितो काडिनु, लगाउनेले गर्व गर्नु यी सबै असान्दर्भिक विषय हुन् । टोपी दिवस मनाएपछि, जुराफ दिवस पनि मनाउनु पर्ने होला नि ! तराईतिर धोति दिवस त सुरू भएछ । लाहुर गएर छड बोक्नेले पञ्जा दिवस मनाउनु पर्ने होला !*

टोपी विश्वभरीकै मानिसले लगाउँछन् । मानिसले प्रतिकुल वातावरणमा शरीरको सुरक्षा गर्ने उपाय निकालेर लुगाहरू निर्माण गरे । सोहीअनुसार शरीर ढाक्नेदेखि विभिन्न अंगहरू ढाक्ने पोशाकहरू पनि निर्माण गरे । टोपीदेखि जुत्तामोजासम्म निर्माण भयो ।

टाउकोलाई घाम, पानी, हिउँ, धुलो, किरा, जुका आदिबाट जोगाउन टोपी निर्माण गरिएको हो । पृथ्वीको फरक भू-भागमा बस्ने मानिसले त्यो भू-भागको मौसम र त्यहाँको प्रतिकूलताअनुसार टोपी निर्माण गरेर लगाउन थाले । प्रचण्ड गर्मी र आद्र वातावरण भएको नेपालको तराई क्षेत्र जस्तो मौसम भएको ठाउँमा गम्छा गाँधमा राखेर हिँड्ने चलन भयो । ताकि पसिना आउँदा पुछ्न सकियोस् र घाम हुँदा टाउकोमा ढाक्न सकियोस् । यस्तो ठाउँमा कसिलो टोपी लगाउँदा झन् टाउको तात्ने र चिटचिट हुने कारणले याहा कसिलो बिर्के टोपी उपयुक्त हुँदैन ।

